# मध्य पश्चिम पृतना हे.क्वा. अन्तर्गत आइपर्न सक्ने चुनौति र समाधानको सम्भाव्य उपायहरु

## विषय प्रवेश

१. यस कार्य पत्रले मध्य पश्चिम पृतनाले साधारण अवस्थाको मानव श्रोत साधन परिचालन गर्ने भन्दा पनि असहज परिस्थितीको अनुमान (Hypothesis) गरी विभिन्न पक्षको विश्लेषण गरिनेछ । यस पृतनाको जिम्मेवारी क्षेत्रमा नेपालका सबैभन्दा दुर्गम स्थानहरु समेत पर्ने भएकोले नेपाली सेनाबाट केन्द्रिकित रुपले परिचालीत हुने Means of Transportation र Logistic Support समयमै परिचालन हुन र स्थान विशेषमा प्राप्त हुन धेरै अप्ठेरो पनि परेको छ र पर्दछ । जुन पक्षको दृष्ठान्त विगतको माओवादी विरुद्धको सैनिक कारवाहीले दिई सकेकोछ । यस पृतनाको भौगोलिक अवस्था र फौजहरु तैनाथ रहेको भुगोललाई मध्यनजर राखी प्रतिकुल परिस्थितीमा पनि सैनिक कारवाही संचालन गर्न संभावित विकल्प पहिचान गर्ने उद्देश्यले यो कार्य पत्र तयार गरिएको छ ।

## जमिनी विश्लेषण

२. राप्ती, भेरी र कर्णाली अञ्चल समेटिएको यस पृतना अन्तर्गत नेपालको सबैभन्दा विकट र अविकसीत जिल्लाहरु रहेका छन् । ठुला र ठाडा भीर, चुरेको जंगल, पहिरो जाने भूगोल, तर्नै नसकिने ठाडा खोला, एकदम पातलो र विकट बस्ती, हिउं पर्ने क्षेत्र, सडकले नछोएका जिल्लाहरु, गाडीको बाटो भए पनि बर्षादमा प्रयोग गर्न नसकिने बाटो घाटो, वर्षात र हावाहुरी चल्दा प्रयोग गर्न नमिल्ने साना एयरपोर्टहरु, सितलहर आउदा तराईमा हवाई साधन प्रयोग गर्न नसकिने अवस्था, अति नै गर्मी र अतिनै जाडो हावापानी भएको भुगोल यस पृतनाको जिम्मेवारी क्षेत्रमा रहेका छन् । जुन पक्ष हाम्रो जस्तो सिमित श्रोत र साधन भएको सेनाको लागि मैत्री हुन सक्तैनन् । प्रतिरक्षात्मक युद्ध र गुरील्ला युद्धकलालाई केही हदमा यस क्षेत्रको भुगोलले साथ दिएता पनि बैरी संगको युद्ध, आन्तरीक सुरक्षा तथा विपद् व्यवस्थापनमा समेत हाम्रो भुगोलले निकै बाधा अडचन श्रृजना गराएको छ भन्नुमा अत्युक्ति नहोला ।

**खबर संकलन**

३. ढिलो प्राप्त खवरले Intelligence बन्न सक्तैन । हाम्रो सामाजिक संस्कारले “विचरा” “एक पटकलाई भैहाल्यो”, “बसुधैव कुटुम्बकम” जस्ता मुल्य र मान्यतालाई बोकेको छ । नराम्रै कुरा देखिए पनि, खतरा स्थिती आइलागे पनि सकेसकम्म आफु छुच्चो नहुने, बरु सहने परम्परा छ । जुन पक्ष सैनिक समाचार (Military Intelligence) को लागि मैत्री होइन । अर्को पक्ष भौगोलिक विकटता र सबै घरमा संचार साधनको पहुंच नहुंदा पनि खबर प्राप्त गर्न असाध्यै ढिलो हुन्छ । विगतको अन्तरिक युद्धमा नेपाली सेनालाई जनस्तरबाट प्राप्त हुनु पर्ने खबरको सधै खांचो नै रह्यो । खासै प्राप्त भएन । खबर प्राप्त गर्न सेना मैत्री समाज अहिले पनि बनि सकेको छैन ।

४. अर्को तर्फ हेर्ने हो भने हाम्रो समाजलाई खबरको चुहावटले के असर पर्छ भन्ने सचेतना (Awareness ) छैन । Loose Talk गर्ने हाम्रो संस्कार नै हो भने पनि हुन्छ । त्यही समाजबाट हुर्केका हामी सैनिकहरुमा पनि Loose Talk गर्ने स्वाद बसेकै छ । सैनिक महत्वका खबर सैनिक व्यारेकमा मात्र नभै समाजमा पनि हुन्छन् । तसर्थ सैनिक महत्वका खबरहरुको नियन्त्रण हुन समाज, सेना र सरकारको उत्तिकै भुमिका रहन्छ । जुन पक्ष बलियो नभएकै अवस्था छ । त्यसमा पनि नेपालको बर्तमान सामाजिक सद्भाव खलबलिएको छ । किन भने तत्कालीन माओवादी जनयुद्ध र नेपाली सेना, मधेसी नेता र नेपाली सेनाको मनोभावना, जातिय र क्षेत्रीय पार्टिहरुले नेपाली सेनालाई हेर्ने दृष्टिकककोणले समेत नेपाली सेनालाई प्राप्त हुन सक्ने खवरमा प्रतिकुल असर पारेको छ ।

५. सबैभन्दा संवेदनशिल पक्ष भनेको राष्ट्रिय महत्वका खवरहरुको चुहावट र चोरी हुनु हो । पैसाको लोभ, विदेश भ्रमण, छोरा छोरीलाई छात्रबृत्ति पाउने आसले गर्दा सेना बाहेकको अन्यत्रका धेरै माथिल्लो ओहोदा देखि तलसम्मका व्यक्तिहरुले राष्ट्रिय महत्वका खबर बेच्ने समेत गरेका छन् । अर्को तर्फ छिमेकी शक्ति र Transnational Power हरुले समेत नेपालको टेलीफोन सेवा Tap गर्ने गरेर राष्ट्रिय महत्वका व्यक्तित्वहरुको खबर चोर्ने गरेको बास्तविता पनि रहेको छ । त्यसमा सेना अछुत रहेको छैन ।

६. माथी उल्लेख गरिएका सबै बुंदाहरुले यस पृतना अन्तर्गत पनि असर पारीरहेको हुन सक्छ भने भविष्यको लागि झनै खतरा हुनेछ । तसर्थ Collection of Intelligence and Denial of Intelligence दुवै पाटो यस पृतनाको लागि पनि चुनौति रहेको छ । सेना र नागरिकको आत्मियता नबढी Intelligence संकलन गर्ने कार्य अझै कठिन रहीरहने छ ।

**रोकथामको उपाय**

७. (क) पदिक देखि तल्लो दर्जासम्म गराईने, हरेका तालीममा Intelligence सम्बन्धि र सैनिक ऐनको कसुर, दण्ड सजाय महलको पाठयक्रम राख्ने ।

(ख) अधिकृत पदिकलाई गणपतिले विफ्रिङ्ग गर्ने, ति सबै आफनो नियन्त्रणमा हुनु पर्छ ।

(ग) जनस्तरबाट खबर संकलन गर्न स्थान विशेषकै ग्रैह्र सैनिक ऐजेन्ट राख्ने । जसको लागि रकमको खर्च भने हुनेछ । प्रहरी र रा.अ.वि.ले दिएको Second hand information ले Intelligence बनाउन ढिलो हुन्छ ।

(घ) पृतनाको AOR भीत्र घर हुने सकलदर्जा घर गएर फर्कदा स्थान विशेषको खबर संकलन गर्न सकिन्छ ।

(ङ) पृतना, बाहिनी, गण र अनाश्रीत गुल्म तहमा नेपाली सेनाले अन्य Sister Organisation: प्रहरी र NID को Int Cell लाई व्यारेकमा बोलाई खानापिना तथा अन्तरकृया गर्नु पर्दछ । ता की आत्मियता बढेर Int Collection हुन सकोस ।

(च) नेपाली सेनाका भु.पु. हरुलाई केहि पारिश्रमीक (सुविधा) दिएर भर पर्दो रुपबाट Int Collection गर्न सकिन्छ ।

(छ) पृतना अन्तरगतका महिला अधिकृतको नेतृत्वमा महिला अन्य दर्जाहरुलाई गैह्र सैनिक पोसाकमा Int Collection गर्न लगाउदा बढी प्रभावकारी हुनेछ ।

**तालिम**

८. सेना तिखार्ने माध्यम र अनुशासनको मुहान नै तालिम हो । जंगी अड्डाको तालिम नीति अनुसार यस पृतनाले तालिम चलाउँदै आएको छ । यद्यपि आर्थिक पक्षको सिमीतता र गोली गट्ठाको खांचोले गर्दा सबै तालिमले सार्थक नतिजा दिई हाल्यो भन्न नसकिएला । तालिम संचालन हुने स्थान, शिक्षकहरुको व्यवस्था र तालिमीको बासस्थानले समेतले तालिम गर्ने र गाराउने परिस्थितीमा यस पृतनालाई पनि सजिलो बनाएको भने छैन । अर्को कुरो जंगी अड्डाबाट संचालन गराईने एउटै तालिमलाई पृथक स्थानहरुमा गराउंदा ( जस्तै: सैनिक प्रतिष्ठान खरिपाटी, नगरकोट शिक्षालय, जंगल वारफेर, माउन्टेन वारफेर, रेन्जर , युद्धभैरव गण) फरक फरक सिकाई भएकोले गण/गुल्ममा रहेका सकल दर्जाको बुझाईमा भिन्नता रहेको छ । सिपाही देखि अधिकृतसम्म पनि दौडहरुमा फेल हुनु, तार्गेट ईन्डिकेसन, रेन्जकार्ड, सेक्सन व्याट्रल ड्रिल, प्लटुन व्याट्रल ड्रिल, रेड,

एम्बुस, पट्रोल जस्ता आधारभुत तालीममा फरक फरक बुझाई हुनुलाई यस पृतना अन्तरगत पनि Short Fall of Training मान्न सकिन्छ ।

## सुधारको उपाय

९. (क) तालीमलाई संख्यात्मक भन्दा गुणात्मक बजाउन जरुरी छ ।

(ख) हाम्रो भुगोल, आर्थिक सिमितता (Limitation), अन्य दर्जाको बुझ्ने क्षमता, विगत देश भीत्र लडेको लडाईलाई समेत मध्यनजर राखी सरल र प्रष्ट बुझ्ने तालिम पाठयक्रममा बनाउने । अन्य दर्जाको लागि ४०% शैद्धान्तिक र ६०% व्यवहारिक तालीम हुनु पर्ने जरुरी छ ।

(ग) Weapon Training, Section Leading, Platoon Commander Training हरुलाई पुरानै पाराले चलाउने । ता कि शिक्षार्थीहरुलाई खार्न सकियोस । बेलायती र अमेरीकी पाराले सर्ट कर्ट मा तालीम चलाउदा शिक्षार्थीलाई बुझ्न गाह्रो भएको छ ।

(घ) डोल्पा, हुम्ला, जुम्ला, मुगु जस्ता व्यारेकहरुमा एउटा तालीममा १५ देखि २० जनासम्म शिक्षार्थी त्यसै व्यारेकबाट उलपव्ध गराई Career Training स्थान विशेषमै चलाउने । शिक्षक अधिकृत भने अन्तबाट खटाउने ।

(ङ) सेना समायोजनबाट आएका माओवादी अधिकृत पदिकसंग मिलेर गुरील्ला वारफेरको पाठयक्रम तयार पार्ने र तालीम दिने । हाम्रो भुगोललाई यो युद्धकला जरुरी छ ।

(च) पृतना अन्तरगत रेन्जकार्डहरु एउटै प्रकारका हुनु पर्छ र तार्गेट इन्डिकेसन गर्ने तर्तिव एकै हुनु जरुरी छ ।

(छ) पल्टनहरुले पैसा खर्च गरी ट्याक्सुट र भांडा हाल्ने भन्दा तालीममा पैसा खर्च गर्नु पर्दछ ।

(ज) पृतना अन्तरगतका पतिहरुको वार्षिक शारिरिक स्तर परिक्षा पृतना सम्मेलन हुने बेलामा पृतना हे.क्वा.मा लिनु पर्दछ , गणपतिहरु धरै माटो घाटो भएका छन् ।

## अनुशासन

१०. बढि पढेलेखेको सिपाही देखी अधिकृतहरु हुनु सेनाको लागि राम्रो हो । त्यसै गरी Information Super Higway पनि यो जमानाको बरदान हो । यद्यपि यो दुवै पक्षले हाम्रो जस्तो Limited Resources भएको सेनामा सैनिक व्यक्तिहरको Unlimited चाहानाले असर पनि पारेको छ । सम्पत्ति, सुख सुविधा खोज्ने र सजिलो सैनिक अंगहरुमा मात्र Posting जान खोज्ने Trend ले सेनाभित्र गैह्र सैनिक संस्कार बढेको पक्षलाई Overlook गर्न मिल्दैन । अर्को पक्ष द्धन्दकालीन Managment अनुसार नै फौजलाई FOB हरुमा धेरै कनिष्ठ अधिकृतहरुको कमाण्डमा राख्नु पर्दा र गणपतिको प्रत्यक्ष नियन्त्रण नहुंदा पनि सकल दर्जामा अनुशासनमा ह्रास आएको छ । अर्को पनि पक्ष के हो भने सेना भित्र छिटो छिटो लागु हुने तालिमी मुल्याङ्कन, पदोन्नतीका आधारहरु, शान्ती सेना जाने नियम, राजीनामा र उपदानमा जाने नियम आदीले पनि Mis understanding बढाएको छ र Job Security मा अन्यौल महसुस गरेको पनि बुझिन्छ । जसबाट मनोबल र अनुशासनमा असर पुगेको छ । उल्लेखित पक्षबाट यस पृतनाको फौजलाई पनि प्रभाव नपरेको होल भन्न सकिन्न ।

## सुधारको उपाय

११. (क) युनिट/सवयुनिटका पति र अन्य अधिकृतहरुले पि.टी. परेडमा नेतृत्व गर्ने । लामो लामो दौड, अभ्यास, खेल आदी गराउने । जसबाट Fatigue बढनेछ ।

(ख) प्राईभेट फण्ड बढाउने र बोर्ड राखेर खर्च गराउने संस्कारले रकम कलममा पारदर्शिता नभएको तल्लो तहका दर्जा र पति वीचमा आसंका उव्जाएको छ ।

(ग) पति सबै भन्दा अनुशासित भएर अधिकृतहरुलाई grip मा राख्ने । अनिमात्र तल्लो दर्जा अनुशासित हुने छन ।

(घ) सैनिक ऐनका कसुर र दण्ड सजायको महत्वहरु पढाउने ।

(ङ) कम्तीमा Seven Workong Days भएको Intellegene Collection र Denial Of Intelligence को पाठयक्रम राखेर खवरको महत्व बुझाउन युनिटहरुमा अनिर्वाय तालीम गराउने ।

(च) पतिले बेला बेलामा रोलकल लिने । विविध पक्षको सुधारको लागि सकल दर्जासंग सल्लाह माग्ने ।

(छ) गणपति र गुल्मपति आफैले खोल्ने र बन्द गर्ने सुझाव पेटिकाको बन्दोबस्त गरी वेनामी सुझाव पनि संकलन गर्ने ।

(ज) आम्दानी खर्चको फांटवारी प्रमुख सुवेदार, जेष्ठ पदिक र लेखा शाखाले रोल कलमा महिनावारी सुनाउने ।

(झ) सकलदर्जाले काम गर्ने SOP ;j}nfO{ k(fpg] clg dfq uNtL ug{]nfO{ ;hfo lbg] .

(ञ) FOB मा बढिमा १ से.मु. राखी सबै फौजलाई गण हे.क्वा. मा एकिकृत गर्ने र गणपतिको grip मा राख्ने ।

## सेना नागरीक सम्बन्ध

१२. विगतको १० वर्षे जनयुद्धको उदगम स्थल र लडाईको केन्द्रविन्दु नै यस पृतना अन्तरगत पर्दछ । अहिले सम्म पनि देस Post Conflict environment रहेकोले यस क्षेत्रका कतिपय समाज/समुह सेनाप्रति मैत्री छैनन् । त्यसै गरी तराई क्षेत्रमा पनि "एक मधेश एक प्रदेश" र "सेनामा सामुहिक भर्ना" को नाराले नेपाली सेनाप्रति सबैमा सकारात्मक सोच नहुन सक्तछ । अर्को पक्ष यस पृतना अन्तरगत रहेको बन्यजन्तु तथा राष्ट्रिय निकुन्जहरुमा सेना तैनाथ गर्नु पर्दा त्यस क्षेत्रमा जनताले चोरी सिकार, चोरी काठ कटान, घांस दाउरा, पशु चरन गराउन नपाउंदा पनि जानी नजानी सेनाप्रति Hostile attitude राखेका छन । त्यसै गरी मानव अधिकार कर्मी, महिला अधिकार कर्मी, INGO, NGO हरुमा लाग्नेहरुले समेत नेपाली सेना प्रति सकारात्मक भाव राखेका छैनन् । वास्तविकता भने: यस पृतना अन्तरगत नेपाली सेनाले अति नै विकट स्थानहरुमा धेरै मोटर बाटोहरु बनाएको छ भने दैवी प्रकोप तथा अन्य जन उपयोगी कामहरु गरी, परेको बेला शान्ती सुरक्षा प्रदान गरेको छ । आन्तरीक सुरक्षा देश विकास कार्यकोलागि यसै क्षेत्रमा धेरै नेपाली सेनाले वीरगती पाएका छन ।

## सुधारको उपाय

१३. (क) क्षेत्रीय, अञ्चल र जिल्ला तहका प्रशासन, न्यायालय, प्रहरी, शिक्षा, NGO, INGO र नागरिक समाज लाई Target गराई नेपाली सेनाको मुल्य मान्यताको चिनारी र अन्तरक्रिया गर्ने ।

(ख) बेला बेलामा भेटघाट गरी सम्बन्ध राम्रो राख्ने ।

(ग) सबै सेवाका प्रमुखसंग छलफल गरी जनकल्याणकारी काम सकेसम्म सबैसंग मिलेर गर्ने ।

(घ) जनताको मन जित्नको लागि कलेज र विद्यालयका विद्यार्थीलाई सेनाबारे प्रवचन दिने कामको थालनी गर्नु पर्छ ।

(ङ) शिक्षकहरुको भेलाहुने अवसरमा जिल्ला शिक्षाअधिकारी संग समन्वय गरेर अन्तरक्रिया गर्नु राम्रो हुन्छ ।

(च) जनताबाट माग भएनुसार bottom up approach मा सेनाले क्षमता भीत्र रही जनहितको कार्य गर्ने ।

(छ) विद्यालय/उच्च मा.वि.बाट माग भै आएका स्थानमा विद्यार्थीहरुलाई पि.टि./ड्रिल खेलाउन सैनिक शिक्षक उपलव्ध गराउने ।

## यातायात (Line of Communication LOC) को अवस्था

१४. यस पृतनाको लागि पुर्व पश्चिम राजमार्ग मुख्य Life line हो भने अन्य जिल्ला सदरमुकाम पुग्ने मार्गहरु सहायक मार्ग हुन । विभिन्न खाले हड्ताल बन्द र बाढी पहिरोले यी बाटोहरुलाई असर पार्ने भएकोले उल्लेखित LOC बाट यस पृतनालाई सधैभरी सहयोग नपुग्न सक्तछ । त्यसै गरी नेपालगंज एयरपोर्ट मुख्य Air transprotation point हो भने विभिन्न जिल्लाहरुमा साना एयरपोर्ट रहेका छन् । नेपालगंज बाहेक अन्य सबै एयरपोर्टहरुले मौषमको कारणले चाहिएको बेलामा सधैभरी LOC को सुविधा दिन सक्तैन । सैनिक कारवाही र अन्य अवस्थामा समेत LOC को लागि यस पृतना असहज अवस्थामा रहेको छ । फौजको रासन, कपडा, गोली गट्ठा र घाईते विरामी ओसार पसारमा यसले ठुलो महत्व राख्दछ । त्यसै गरी सवारी ईन्धनको आपुर्ति हुन सकेन भने फौजको परिचालन १०० वर्ष अगाडिको जस्तै गरी पैदल हुनेछ र Operational readiness मा ठुलो समस्या आउनेछ ।

## बचाउको उपाय

१५. (क) नेपालगंज, सुर्खेत र जुम्लामा गाडी तथा हवाई इन्धन जम्मा गर्न डिपो बनाउने र भण्डारण गर्ने ।

(ख) खाद्यान्न: नकुटेको धान, मास, सिमी, रहर वोडि, मकै, गहुं आदिको भण्डारण गर्ने ।

(ग) Emergency मा प्रयोग गर्न: मैकको सातु, सखर, भुटको गहुं, भटमास, स्याउको सुकुटी, भुटेको चना, खसीको सुकुटी आदिको बन्दोबस्त (When Need Arises) गर्ने ।

(घ) यातायात बन्द हुने अवस्थामा पहिला पहिलाको जस्तै थाप्ले हुलाक (मान्छेले बोक्ने) को व्यवस्था गर्न सकिन्छ । नेपालगंजबाट डोल्पा र रोल्पाबाट कालीकोट

छिचोल्ने गरी यस पृतनाले खाद्यान्न र अन्य लजेष्टिक सर्पोट गर्ने बैकल्पिक व्यवस्था गर्न सक्छ ।

(ङ) अहिलेसम्म पनि ग्रैह्र सैनिक गोडा, खच्चड पाईने भएकोले Animal Transport को व्यवस्था गर्न सकिन्छ ।

(च) जंगी अड्डाले हरेक पृतनालाई, पृतनामा रहने गरी कम्तीमापनि १ सेक्सन बोक्ने एउटा हेलिकप्टर दिनु पदर्छ । जसले फौज, खाद्यान्न, इन्धन सप्लाई, विरामि ओसारने काममा सहयोग पुऱ्याउने छ ।

(छ) स्थानिय साहु माहाजनसंग प्रत्यक्ष सम्पर्क राखि ठांउ ठांउमा खाद्यान्न भण्डारण गर्न सकिन्छ ।

(ज) हतियार र गोलीगठ्ठा बनाउने केन्द्रहरु कम्तीमा पनि पृतनातहसम्म जंगी अड्डाले विकेन्द्रिकरण गर्नु पदर्छ । जसबाट स्थान विशेषमा नै उत्पादन भै परेको बेला प्रयोग गर्न सजिलो हुने छ । अन्तराष्ट्रिय Blocked तथा Road blocked भएको अवस्थामा प्रभावकारी सप्लाई गर्न सकिन्छ ।

(झ) IED हर पनि पृतना तहमा बनाएर परेको समयमा प्रयोग गर्न सकिन्छ ।

(ञ) दक्षिणबाट उत्तर जोडने पुराना र छोटो घोडेटो/गोरेटो बाटोहरुलाई मरामत गर्ने र बेला बेलामा ति बाटोहरुबाट LRP गराउने र स्थान परिचय गराई राख्ने ।

**अन्तराष्ट्रिय सिमाना**

**१६.** यस पृतनाले मित्रराष्ट्र भारत र चीन दुवैको सिमाना छोएको छ । उत्तरतर्फ हुम्ला जिल्लाबाट तिव्तसंग आवत जावत हुन सक्छ भने मानसरोवर (कैलास पर्वत) जाने धार्मीक पद मार्ग र व्यापारीक बाटो पनि बनेको छ । यता नेपालगंज भने नेपाल भारत व्यापारको लागि मान्छे र आवगमन गर्ने मुख्य केन्द्र रहेको छ । उत्तरतर्फ तिव्वती शरणार्थी सम्बन्धि फाटफुट समस्या देखिन्छ । तर दक्षिण तर्फ भने नेपाल भारत वीच आंतककारी गतिविधि, जाली नोट, केटी बेच विखन, सिमा अतिक्रमण, लुटपाट, चोरी व्यापार, अपहरण आदी अवान्छित कामहरु भैरहेको छन भन्ने आरोप प्रत्यारोप पनि भैरहेको छन् । त्यसको अतिरक्ति दुई देश विचको राजनैतिक बैमनस्यताले भारतिय पक्षले नेपाललाई Blocked गरेर आर्थिक नाकाबन्दी लगाएको थुप्रै

दृष्टान्त पनि छन । जसबाट सैनिक बन्दोबस्तीका समेत ठुलो असर पारेको थियो र भविष्यमा पनि हुन सक्ने सम्भावयतालाई नकार्न मिल्दैन । जसबाट यस पृतनालाई पनि प्रत्यक्ष असर पुग्ने छ ।

**समाधानको उपाय**

१७. (क) उत्तरी सिमाना त्यति संवेदनसिल नदेखिएकोले जिल्ला प्रशासन कार्यलयहरुसंग Periodical छलफल गरी तिव्वती शरणार्थी, स्थानिय व्यापार, स्वदेशी/विदेशी (कैलाश मानसरोवर जाने) धार्मिक पर्यटकहरुको बारेमा परिस्थीतिको विशलेषण गर्दै रहेने ।

(ख) दक्षिण सिमावर्ती क्षेत्र सम्वेशनसिल भएकोले जिल्ला प्रशासन, प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागसंग समन्वय गरी सैद्धान्तिक रुपमा परिस्थीतिको मुल्यांकन गर्ने । समिावर्ती ईलाकाको निगरानी गर्न सेनाका महिला अधिकृत तथा अन्य दर्जालाई आफुखुसि पोशाकमा दैनिकरुपले Int Collection गर्न पठाउने । साथै पुरुष अधिकृत र अन्य दर्जाको टोली पनि खटाउने । तर पालै पालो गराउने, महिला पुरुष Mix नगर्ने ।

(ग) स्थानिय खबर दिने एजेन्टको पनि व्यवस्थ गर्ने ।

(घ) सिमावर्ती ईलाकामा हुने अपराधिक गतिविधि ग्रैह्र सैनिक प्रवृतिका भएपनि त्यसको प्रतिवेदन पृतना मार्फत जंगी अड्डालाई पठाई सम्बन्धित मन्त्रालयमा रोकथाम गर्ने व्यवस्थाको लागि कारवाहि बढाउने ।

(ङ) नेपाली सेनाका भु.पु.हरुलाई खवर संकलन गर्ने Agent बनाउने र उनिहरुलाई केहि पारिश्रमीक दिने ।

(च) नेपालगंज, दाङ्ग र बर्दियामा राष्ट्रि तहका पत्रकारसंग पृतनाले पनि सिधै समन्वय राख्ने । उनिहरुलाई पारिश्रमिक दिने ।

**विद्यमान बासस्थान, राशन र भ्रमण भत्ताको व्यवस्था**

**१८.** यस पक्षमा नोपली सेनाले धेरै सुधार गर्दै लगेको छ । It is remarkable Enhancement यद्यपी यस पृतना अन्तरगत निम्न पक्षहरुमा कमी कमजोरी देखिन्छ ।

(क) व्यारेक घरहरुको कमी र कमजोर बासस्थान विशेष गरि कर्णाली अञ्चलका व्यारेकहरु लाई सुधार गर्नु पर्दछ ।

(ख) हुम्ला, डोल्पा, मुगु, जुम्लामा पठाईने राशनको कुखराको मासु नेपालगंजबाट ठेकेदारले प्लेनमा कुखुरा नपठाई मासु पठाउने भएकोले मरेको कुखुराको मासु पनि पठाउने गरेको छन् । त्यसै गरी हरियो तरकारीको आपुर्ति पनि राम्रो हुन सकेको छैन ।

(ग) कर्णली अंचल भीत्र, त्यंहाबाट पृतना अन्तरगत संचालन हुने तालीममा १ जनालाई एक पटकमा रु ३० हजारसम्म खर्च लाग्ने देखियो भने त्यो खर्च सरकारी दै.भ्र.भ.बाट सोध भर्ना गर्न नसकिने अवस्थामा रहेको छ । अन्य श्रोतबाट रकम सोध भर्ना गर्दा युनिट र व्यक्ति दुवैको मजोवलमा असर पुग्दछ ।

(घ) कर्णली अञ्चलको गाडी नपुग्ने युनिट/सवयुनिटहरुमा माल चलानीका सबै सामान नेपालगंजबाट हवाई जहाजमा लग्नु पर्ने हुंदा प्राईभेट फण्डबाट प्रति के.जि. र १५० सम्म तिरेर लगिन्छ । यसबाट युनिट/सवयुनिटको मजोवलमा असर पुग्ने छ ।

## सुधारको उपाय

१९. (क) अति नै जाडो हुने हुम्ला र डोल्पामा रहेका फौजको बासस्थानको सुधार गर्ने । विशेषगरी डोल्पा राष्ट्रिय निकुञ्जलाई प्राथमिकता दिने ।

(ख) नेपाली सेनाको मालचलानि अड्डा मार्फत आउने सबै सामान गाडी जाने स्थानमा गाडी र अन्य स्थानमा आर्मी कै बन्दोबस्तमा स्थान विशेषमा पुऱ्याउने । प्राईभेट व्यवस्था गर्न पर्ने अवस्थामा सो रकम सोध भर्ना दिने ।

(ग) सैनिक व्यारेकको मर्मत, धारा, बत्ति, विजुली पानी, चर्पी, भान्सा, फर्निचर सुरुको अवस्थामा र पछिसम्मको मर्मतको जिम्मा स्थपति ले नै लिने । प्राईभेट फण्डबाट खर्च गर्ने प्रचलन बन्द हुनु पर्छ ।

(घ) तालिम चलाउन चाहिने गोली गट्ठा र श्रोत साधनको लागि चाहिने रकम पुग्ने गरी दिनु पर्दछ । शिक्षक र शिक्षार्थी दुवैलाई तालिम भत्ताको व्यवस्था हुनु अति जरुरी छ ।

(ङ) तालिम तथा सरकारी काममा जाने सबै दर्जाले सरकारी दैनिक भ्रमण भत्ता पाउनु पर्दछ । प्राईभेट फण्ड खर्च गर्ने स्थीति रहनु हुंदैन ।

(च) हुम्ला, डोल्पा, मुगु, जुम्ला लगायतको व्यारेकहरुमा कुखुराको मासुको सट्टा स्थानिय भेडा च्याङग्राको मासु सस्तो पर्न जाने भएकोले त्यो विकल्पको अध्ययन हुनु जरुरी छ । साथै ति स्थानहरुमा हरियो तरकारी पुऱ्याउन सकिने भएकोले त्यसको विकल्प मासु बढाउने वा अन्य तरकारी खुवाउने सो वारे अध्ययन र व्यवस्थापन हुनु जरुरी छ ।

**खर्चालु विदा**

२०. यस पृतना असाध्यै विकट क्षेत्र समेटिएको कार्य क्षेत्र भएकोले हुम्ला, जुम्ला डोल्पा, मुगु, कालिकोट लगायतबाट मेची–महाकाली घर हुने सकल दर्जा घर जानुपर्दा हवाई तथा गाडीबाट समेत ठुलो मात्रामा रकम तीर्नु पर्दा घर जाने विदा धेरै महंगो हुन गएको छ । पुरानो व्यवस्था अनुसारको घ.वि. जांदा पाईने दै.भ्र.भत्ताको व्यवस्था नहुंदा यसबाट "सिपाहीपन" को मनोबल लाई ह्रास पुऱ्याएको छ ।

**समाधनाको उपाय**

२१. (क) पहिला पहिला सेनामा रहेको व्यवस्था र अन्य मन्त्रालय अन्तरगत हाल प्रचलनमा रहेको: कर्मचारीले वर्षको १ पटक घ.वि. जांदा पाउने दै.भ्र.भ.को व्यवस्था सैनिक सकल दर्जामा हुनु पर्ने जरुरी छ ।

(ख) अति दुर्गम स्थानमा व्यारेकबाट विदा जाने टोलीलाई एकमुष्ट मिलाई सैनिक हेलिकप्टर वा हवाई जहाजबाट काठमाण्डौ, नेपालगंज, पोखरा, विराटनगर जस्ता ठांउमा ओराल्ने welfare Flight को व्यवस्था हुनु वान्छनीय देखिन्छ ।

**प्रकृति प्रकोप**

२२. भेरी, कर्णाली, राप्ती नदिको बाढीबाट हुने क्षती पहाडी भेकको बाढी पहिरो, तराई क्षेत्रको डुबान र सीतलहर अनि हिमाली क्षेत्रमा पर्ने बाक्लो हिउं र दुर्गम क्षेत्रको सांगुरो बाटोमा गुड्ने गाडी दुर्घटनामा परी हुने जनधनको क्षती यस पृतनाका मुख्य चुनौती हुने । हालै आएर यार्सा गुम्बा टिप्ने र बेच्ने अनुशासनहिन प्रतिस्पर्दाले मान्छे र धन दुवैको क्श्ती हुन पुगी अस्वभावीक रुपको Man made disaster बढेको छ ।

**वचावटको उपाय**

२३. (क) सबैभन्दा पहिला हिमालदेखि तराईसम्म रहेका सैनिक व्यारेकहरुको Disaster (Hazard) Mapping गर्ने र दैवी प्रकोपबाट आफु बच्ने ।

(ख) ग्रैह्र सैनिक सरकारी कार्यालय, अन्य सहभागी संस्था तथा स्थानिय जनताको सहयोगमा Bottom up approach मा दैवी प्रकोप योजना बनाई आई पर्दा Rescue and Relief को काम गर्ने ।

(ग) भालुवाङ्ग देखि कर्णाली नदिसम्म बाढीको प्रकोप हुने हुंदा दाङ्गको लमहीमा रहेको गुल्म, नेपालगंजको गण, बाहिनी र राष्ट्रिय निकुञ्जमा रहेका ओभरी व्यारेक, बर्दिया व्यारेक र पुर्व चिसापानी व्यारेक समेतलाई नं. ४ बाहिनी अड्डाले बाढीबाट बच्ने/बचाउने तालिम (15 working Days भएको) वर्षको २ चोटी चलाउने । Rafting गर्ने समानहरु स्थान विशेषमै गण/गुल्महरुलाई दिनु जरुरी छ । हाल ईन्जिनियर गणले र नं. ४ बाहिनी अड्डाले राखेका सामान नेपालगंज र बर्दियाको गणलाई दिएर बाढीबाट बच्ने बचाउने अभ्यास गराउन जरुरी छ ।

(घ) त्यसै गरी नेपालगंजमा हुने डुवानबाट बच्न बचाउने अभ्यास हुनु जरुरी छ ।

(ङ) तराईको शितलहरमा मान्छे मर्ने समेत भएकोले त्यस अवस्थामा दाउरा, लुगा, ओढने र खाने सामान बाडन सक्ने गरी यस पृतनाले नै अन्तरगतबाट केन्द्रिय फण्ड खडा जरुरी छ ।

(च) अन्य पहाडी क्षेत्रमा हुने पहिरोबाट बच्न बचाउन हरेक व्यारेकले मानिस हटाउने, पिडितहरुलाई उपचार गराउने र खान बस्न दिने बन्दोबस्तको लागि Aware गराउने । साथै संघ संस्था र अन्य कार्यालयसंग समन्वय गरी उद्धार गर्ने संस्कार सिकाउने ।

(छ) हरेक प्रकारको दैविप्रकोप उद्धार Initiative मा सैनिक व्यक्तिले सबै भन्दा पहिला आफु बच्ने, सैनिक साथी बचाउने र अनि मात्र जनउद्धार गर्ने सचेतना पाउनु पर्दछ ।

**संक्षेप**

२४. कर्णाली क्षेत्र समेटिएको यस पृतनालाई आफनो कार्य दिशा सफल बनाउन धेरै अप्ठेराहरु छन् । सहज वातावरणमा सेनाको सिमित श्रोत साधनको सिमा भित्र रहेर कर्णाली,भेरी र राप्ती अञ्चलमा रहेका हिमालदेखि तराईसम्मको सैनिक अंगहरुका १३००० भन्दा बढी फौजको Administration, Training, Man Management and Resources Management को व्यवस्था गर्न चुनौति पुर्ण छ । त्यसको अतिरिक्त अन्तराष्ट्रिय परिस्थिती र देशको आन्तरीक कारणले हुने असहज परिस्थीती (Adverse Situation) मा पनि यस पृतनाले सबै काम सफल तरिकाले संचालन गर्नु पर्ने स्थीतीलाई मनन् गरेर सुझाव स्वरुप यो कार्य पत्र तयार पारि श्री मध्य पश्चिम पृतना हे.क्वा.को सफल कार्यन्वयनको कामना गरिन्छ ।